# अध्याय एक

# शोध परिचय

## पृष्ठभूमि

नेपाली भाषा शिक्षण भाषाको विषयवस्तुको शिक्षण नभएर भाषिक सीपहरूको शिक्षण हो । त्यसैले भाषा सिकाइले सुन्ने, बुझ्ने, बोल्ने, पढ्ने र लेख्ने गरी भाषाका चारैवटा सीपहरू सँगसँगै सिक्न सक्ने गरी अध्यापन गर्ने कार्य भाषा शिक्षण हो । भाषाको अध्यापन गर्नु भनेको विद्यार्थीलाई सम्बन्धित भाषाका भाषिक सीपहरूमा कुशल बनाउनु हो । शुद्ध भाषाको प्रयोगका निम्ति अभ्यास र पुनरावृत्तिबाट  भाषिक उच्चारणको कठिनाइ हटाउँदै लैजाने, व्याकरणसम्बन्धी समस्या हटाउने भाषिक ध्वनिहरूको अभ्यास गराउने सामग्रीको बोध, व्याख्या आदि कुराको अभ्यास भाषा शिक्षणबाट हुन्छ । भाषा शिक्षणमा एककालिकता, स्तरीयता तथा उपयुक्तता, क्रमबद्ध आदि सिद्धान्त रहेका छन् । भाषा शिक्षणमा मूल्याङ्कनको भूमिका पनि अत्यधिक महत्त्वपूर्ण रहेको हुन्छ । विद्यार्थीको सिकाइ प्रगति कुन रूपमा अगाडि बढेको छ भन्ने जानकारी प्राप्त गर्न भाषिक मूल्याङ्कनको आवश्यकता पर्दछ । विद्यार्थीले भाषा शिक्षण पश्चात् प्राप्त गरेको भाषिक सीप उद्देश्य अनुरूप छ/छैन भनी थाहा पाउन मूल्याङ्कनले सहयोग गरेको हुन्छ। सिकाइले पाठ्यवस्तुप्रति शिक्षार्थीहरूलाई तयार गर्नु वा उनीहरूलाई प्रवृत्त गराउनु शिक्षण सिकाइ क्रियाकलापको पहिलो सिँढी हो भने सिँढी चढाउन भाषा शिक्षकद्वारा गरिने भाषिक मूल्याङ्कन विश्वसनीय, वैध तथा समसामयिक हुनु आवश्यक छ ।

शिक्षाको विकास र शिक्षालाई सर्वसाधारणको पहुँचसम्म पुऱ्याउन विभिन्न प्रयास गरिएको पाइन्छ । प्राथमिक शिक्षालाई सन् २०१५ सम्ममा सर्वसुलभ बनाउन शिक्षा तथा खेलकुद मन्त्रालयले प्राथमिक शिक्षा (१-५) लाई निःशुल्क गरिएको छ भने वर्तमान पाठ्यक्रम २०६३ ले कक्षा १-१० सम्म निःशुल्क शिक्षा घोषणा गरिएको छ र पाठ्यपुस्तक पनि निःशुल्क रूपमा नै वितरण गर्दै आएको छ। शिक्षाको गुणात्मक विकासको लागि विभिन्न प्रयासहरू भए तापनि यसको परिणाम सन्तोजनक हुन सकेको छैन । विद्यालय जाने उमेर (६-१०) वर्षका बालबालिकाहरू विद्यालयमा भर्ना हुन सकेका छैनन् । प्राथमिक शिक्षाको पहुँच वृद्धिका लागि विभिन्न योजना २०२८-३२ आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो १९९९-२००४ सबैका लागि शिक्षा कार्यक्रम २००४-२००९ र पछिल्लो

आवधिक योजनामा प्राथमिक शिक्षाको लक्ष्य तथा कार्यक्रम त्रिवर्षीय योजना (२०६७-६९/७०) मा शिक्षाले ठुलो भूमिका खेलेको छ । अझै पनि प्राथमिक तह (६-१० वर्ष) का बालबालिकाहरू विद्यालय भर्ना हुन सकेका छैनन् । अझै पनि ४% विद्यार्थीहरू विद्यालय बाहिर रहेको देखिन्छ । भर्ना भएकामा पनि अनुत्तीर्ण वा अन्य प्रशस्त छन् । यसप्रकारको शैक्षिक क्षति प्राथमिक तहमा सबैभन्दा बढी रहेको छ ।

आजको विज्ञान र प्रविधिको युगमा शिक्षालाई विज्ञान–कला जस्ता व्यवहारिक पक्षसँग जोडेर हेरिन्छ । विद्यार्थी मूल्याङ्कनले पनि भाषाको बोध पक्षलाई मात्र नहेरी अभिव्यत्ति पक्षमा जोड दिएको छ । आधुनिक र वैज्ञानिक मूल्याङ्कन प्रणालीमा निरन्तर मूल्याङ्कन प्रणालीको विशेष महत्त्व हुने भएकाले परम्परागत आवधिक मूल्याङ्कन पद्धतिबाट माथि उठी विद्यार्थीहरूको भाषिक क्षमतास्तर/प्रयोग पक्षको मूल्याङ्कनका लागि यो शोधकार्य आफैँमा महत्त्वपूर्ण भएको छ ।

## समस्याकथन

भाषिक मूल्याङ्कनका विभिन्न प्रक्रिया छन् । यो अध्ययन निरन्तर विद्यार्थी मूल्याङ्कनमा आधारित छ । त्यसैले प्रस्तुत शोधपत्रलाई निम्नानुसारका समस्याहरूमा केन्द्रित राखेर अध्ययनलाई अगाडि बढाइएको छ :

(१) कक्षा सातमा विद्यार्थीको भाषिक सिकाइमा पूर्वपरीक्षण र निरन्तर मूल्याङ्कनको उपलब्धिलाई कसरी तुलना गर्न सकिन्छ ?

(२) कक्षा सातका विद्यार्थीको लैङ्गिक आधारमा निरन्तर मूल्याङ्कनको उपलब्धिस्तर के कस्तो छ ?

## अध्ययनका उद्देश्यहरू

प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(१) कक्षा सातमा विद्यार्थीको भाषिक सिकाइमा पूर्वपरीक्षण र निरन्तर मूल्याङ्कनको उपलब्धिलाई तुलनात्मक विश्लेषण गर्नु ।

(२) कक्षा सातमा विद्यार्थीको लैङ्गिक आधारमा भाषिक सिकाइ उपलब्धि स्तरको मापन गर्नु ।

## अध्ययनको औचित्य

नेपाली भाषा शिक्षणमा निरन्तर विद्यार्थी मूल्याङ्कनको अत्यन्त महत्व रहेको छ। निरन्तर मूल्याङ्कन प्रणाली मूलतः अनौपचारिक मूल्याङ्कन प्रणाली भएकाले कुनै पनि समयमा मूल्याङ्कनका विभिन्न माध्यमहरू (मौखिक, प्रश्नोत्तर, अवलोकन र विद्यार्थीले विगतमा गरेका काम आदि) बाट विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ। यो मूल्याङ्कन प्रणालीले प्रभावकारी सिकाइका लागि पृष्ठपोषणको काम गरेको छ। कमजोर विद्यार्थीलाई सुधारात्मक शिक्षण गरी उसको उपलब्धि स्तर बढाउन मद्दत पुगेको छ। निरन्तर मूल्याङ्कनले विद्यार्थीलाई अभ्यासात्मक क्रियाकलापमा सरिक गराउँछ भने शिक्षकहरूका लागि सम्बन्धित तह वा कक्षामा कस्ता विषयवस्तुलाई प्रस्तुत गर्ने आदि कुरामा सहयोग पुऱ्याएको छ। यस मूल्याङ्कनको प्रयोगले जेहेन्दारलाई प्रोत्साहन र कमजोरलाई विशेष मद्दत दिने हुनाले भाषिक संरचनाको क्षेत्रलाई अभिवृद्धि गर्न, दोहोऱ्याएर पढ्न, बारम्बार अभ्यासात्मक कार्यकलापमा सरिक हुनजस्ता क्रियाकलापहरूमा विद्यार्थीहरूलाई सहयोग पुऱ्याएको छ। निरन्तर मूल्याङ्कनको प्रयोगका आधारमा विद्यार्थीमा देखिने प्रगति विवरणका बारेमा लेखाजोखा गरी तथ्य पत्ता लगाउन यो अध्ययन औचित्यपूर्ण रहेको छ।

यसले सिकाइको नियमित लेखाजोखा गर्ने परिपाटीको विकास गराउनका लागि थप टेवा पुऱ्याएको छ। साथसाथै आधारभूत तहको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको उपलब्धि स्तरमा आधारित भएर तयार गरिएको यस अध्ययनले निरन्तर विद्यार्थी मूल्याङ्कनका क्षेत्रमा अध्ययन अनुसन्धान गर्न भावी अध्ययनकर्ताहरूका लागि मार्गदर्शनको काम गरेको छ।

## अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमामा आबद्ध गरिएको छ :

(क) झापा जिल्लाको श्री अर्जुनधारा संस्कृत आदर्श माध्यमिक विद्यालयका कक्षा सातमा अध्ययनरत ३० जना विद्यार्थीमा मात्र सीमित रहेको छ।

(ख) उक्त विद्यार्थीहरूको सिकाइ उपलब्धिको लेखाजोखा राख्नमा मात्र सीमित रहेको छ।

(ग) प्रस्तुत अध्ययन कक्षा सातका विद्यार्थीहरूमा गरिने निरन्तर मूल्याङ्कनमा मात्र सीमित रहेको छ।

(घ) प्रत्येक दिन नेपाली विषयको एक घन्टीका दरले हप्तामा ६ घन्टी (जम्मा ९० दिन) को समय उपयोग गरी शिक्षण र मूल्याङ्कनमा मात्र सीमित रहेको छ ।

**अध्ययनको रूपरेखा**

यस अध्ययनको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको अध्ययन र निरन्तर मूल्याङ्कको परिचय

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : अध्ययनको व्याख्या तथा विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष, उपयोगिता र सुझाव

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

## अध्याय दुई

## पूर्वकार्यको अध्ययन र निरन्तर मूल्याङ्कनको अवधारणा

### पूर्वकार्यको अध्ययन

शोधकार्य गर्नुभन्दा अगाडि तत्सम्बन्धी भएका अध्ययन, अनुसन्धानको समीक्षा गर्नु आवश्यक हुन्छ। पूर्वकार्यको अध्ययनबाट नै आफूले गर्न लागेको अध्ययन, अनुसन्धानको कार्यमा अगाडि त्यस्ता कार्य भए/नभएको र यदि भएका भए के, कति र कसरी भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्न सहयोग पुऱ्याउँदछ। पूर्वाध्ययनका क्रममा प्रस्तुत गरेको शीर्षकमा कुनै पनि अध्ययन अनुसन्धान भएको पाइएन। निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी अन्य जिल्लाहरूका विद्यालयका विद्यार्थीहरूका बारेमा अध्ययन अनुसन्धानहरू भएका पाइन्छन्। यस्ता अध्ययनहरू केही मात्रामा अन्यत्र भएको पाइए तापनि झापा जिल्लामा अहिलेसम्म भएको पाइँदैन। त्यसैले यहाँ यस विषयलाई शीर्षक बनाई अध्ययन गरिएको हो। यस क्रममा निम्नलिखित अनुसार पूर्वकार्यको समीक्षा गरिएको छ :

### पुस्तक सम्बद्ध पूर्वकार्यको समीक्षा

लामिछाने (२०५७) द्वारा तयार पारिएको *नेपाली भाषा शिक्षण परिचय* नामक पुस्तकमा भाषिक मूल्याङ्कन शीर्षकअन्तर्गत जुन कुरा परीक्षण गर्न खोजिएको हो त्यसको उपयोगिताको बारेमा शिक्षक स्वयम् परिचित हुनु आवश्यक छ भनी उल्लेख गरिएको छ। साथै भाषिक मूल्याङ्कनका लागि विभिन्न किसिमका प्रश्नहरू अपेक्षित उपलब्धिको प्राप्तिमा सफलता मिल्न सकोस् भनी प्रत्यक्षरूपमा विद्यार्थीहरूको मूल्याङ्कन गरी स्तर निर्धारण गर्ने कुरा उल्लेख गरेको पाइन्छ। प्रस्तुत विषयवस्तु यस शोधकार्यका लागि पूर्वाध्ययनको सामग्री र मार्गदर्शन बनेको छ।

अधिकारी र शर्मा (२०६२) द्वारा लिखित *प्रारम्भिक नेपाली शिक्षण* नामक पुस्तकमा भाषिक मूल्याङ्कनका बारेमा चर्चा गरिएको पाइन्छ। यसमा भाषिक मूल्याङ्कनको शीर्षक अन्तरक्रिया, भाषिक मूल्याङ्कनका साधनहरू, मूल्याङ्कनका लागि प्रयोगमा ल्याइने प्रश्नहरू लगायत मूल्याङ्कनका विविध साधनहरूद्वारा विद्यार्थीहरूको शैक्षिक उपलब्धि मापन गर्न सकिने कुरा उल्लेख गरिएको छ। उक्त पुस्तकमा विद्यार्थीहरूको भाषिक

मूल्याङ्कन सम्बन्धी मौखिक परीक्षा तथा लिखित परीक्षाको प्रयोग गर्न सकिने कुरा पनि उल्लेख गरिएको छ । उक्त पुस्तकमा यस्ता भाषिक विविध कुराहरूको चर्चा गरिएको हुनाले प्रस्तुत शोध तयार गर्नका लागि उपयोगी रहेको छ ।

शर्मा र पौडेल (२०६७) द्वारा लिखित *नेपाली भाषा र साहित्य शिक्षण* नामक पुस्तकमा भाषिक मूल्याङ्कन शीर्षकअन्तर्गत भाषा शिक्षण भनेको भाषिक सीपहरूको शिक्षण भएकाले भाषिक मूल्याङ्कन पनि भाषाका सीपपरक अपेक्षाहरूसित सम्बन्धित भएर शिक्षणको एक प्रक्रिया बनेको कुरा उल्लेख गरिएको छ । त्यस्तै भाषिक मूल्याङ्कन मूलतः भाषाका बोध पक्ष (सुनाइ, पढाइ) र अभिव्यक्ति पक्ष (लेखाइ, बोलाइ)सँग सम्बन्धित सीप र कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनमा नै केन्द्रित रहेको हुन्छ । यसको उद्देश्य विद्यार्थीहरूको भाषिक क्षमता स्तर आँकलन गर्नु मात्र नभएर शिक्षण सिकाइ प्रक्रियाको प्रभावकारिता जाँच्नु, पाठ्यांशका सरल र जटिल छुट्याउनु, शिक्षण सामग्रीहरूको प्रभावकारिताको परीक्षण सिकाइका कठिनाइ र समस्या क्षेत्रहरू पत्ता लगाएर निराकरणात्मक शिक्षण सिकाइमा मद्दत पुऱ्याउनु रहेको छ । मूल्याङ्कनको उपयोगविनाको भाषा शिक्षण आफैंमा लुलो र लङ्गडो बन्न  सक्छ । त्यसैले भाषा शिक्षणका क्रममा निश्चित लक्ष्य एवम् उद्देश्यहरू हासिल गर्न बारम्बार मूल्याङ्कनको उपयोग गरी विद्यार्थीको प्रगति दर, क्षमता, स्तर, सक्षमता, असक्षमता तथा उन्नति र अवन्नतिका बारेमा भाषिक शिक्षक निरन्तर सचेत रहनुपर्छ । भाषिक मूल्याङ्कनले नै भाषा पाठ्यक्रमको प्रभावकारिताको लेखाजोखा गर्न मद्दत पुऱ्याउँछ । भाषिक सीप र भाषातात्विक पक्षका सरलता, सान्दर्भिकता तथा प्रयोजनपरकताका बारेमा निर्णय लिने आधार प्रदान गर्छ र पाठ्यांश, शिक्षण विधि र शिक्षण साधन विद्यार्थीका रुचि, प्रवृत्ति, क्षमता र स्तरअनुकूल भए/नभएको सम्बन्धमा यथेष्ट सूचना दिइरहेको हुन्छ । यसरी भाषिक मूल्याङ्कन दोस्रो भाषा सिकाइ र शिक्षणको पनि प्रभावकारी आधार बनेको हुन्छ । उक्त पुस्तकमा मूल्याङ्कनका मौखिक परीक्षा, लिखित परीक्षा र प्रयोगात्मक परीक्षा जस्ता साधनहरूको पनि उपयुक्त चर्चा गरिएको पाइन्छ ।

## शोधपत्र सम्बद्ध पूर्वकार्यको समीक्षा

पौडेल (२०६०) द्वारा तयार पारिएको *प्राथमिक तहमा नेपाली भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूको अध्ययन* नामक शोधपत्रमा सन्दर्भहरूको सोदाहरण

उल्लेख गरिएको पाइन्छ । प्राथमिक तहका नेपाली भाषा शिक्षकहरूको भाषा पाठ्यक्रममा निर्धारित आन्तरिक परीक्षासम्बन्धी ज्ञानको स्तर पत्ता लगाउने, प्राथमिक तहमा नेपाली भाषिक मूल्याङ्कनअन्तर्गत आन्तरिक मूल्याङ्कन गर्दा प्रयोगमा ल्याएका क्रियाकलाप तथा साधनहरू पहिचान गर्ने, प्रयुक्त विधि र क्रियाकलाप तथा साधनहरूको सुनाइ र बोलाइ जस्ता भाषिक सीपलाई समान रूप हुन सके/नसकेको पत्ता लगाउने, कक्षोन्नति गर्दा आन्तरिक मूल्याङ्कनको गणना भए/नभएको अन्वेषण गर्ने आदि मुख्य उद्देश्यहरूमा प्रस्तुत शोध केन्द्रित रहेको पाइन्छ । उक्त अध्ययनमा कास्की जिल्लाका दसवटा सामुदायिक र दसवटा संस्थागत प्राथमिक विद्यालयहरू र ती विद्यालयमा नेपाली विषय जम्मा २० जना शिक्षकहरूलाई नमुनाका रूपमा लिइएको पाइन्छ । प्रश्नावली निर्माण गरी प्रश्नावलीबाट आएको तथ्याङ्कलाई व्याख्या विश्लेषण गरिएको पाइन्छ । प्राथमिक तहमा उनले भाषिक मूल्याङ्कनमा विषयगत परीक्षाले प्रमुख स्थान लिएको र औपचारिक परीक्षाबाट सही रूपमा भाषिक मूल्याङ्कन हुन नसक्ने विचार व्यक्त गर्दै विभिन्न साधन र तरिकाद्वारा जुनसुकै तह र कक्षामा भाषिक मूल्याङ्कन गर्ने परिपाटी सिद्धान्तमा भए पनि व्यवहारमा सबै साधन प्रयोगमा आएको पाइँदैन भन्ने निष्कर्ष रहेको छ ।

अधिकारी (२०६४) द्वारा तयार पारिएको *कक्षा तिनका विद्यार्थीहरूको नेपाली सिकाइको आवधिक प्राप्ति मूल्याङ्कन विवरणको अध्ययन* नामक शोधपत्रमा ६ महिनाको शिक्षणपश्चात् विद्यार्थीहरूमा देखिएको नेपाली भाषा सिकाइको आवधिक प्रगति प्रस्तुत गरिएको छ । प्रत्येक महिनामा १०० पूर्णाङ्कको परीक्षा लिई सबैको अभिलेख राखेर एउटा परीक्षा लिई कक्षा प्रवेश गर्दाको उनीहरूको सिकाइको स्थिति र ६ महिना पश्चात् उनीहरूमा भएको प्रगति र निष्कर्ष तथा सुझाबसहित प्रस्तुत गरिएको छ । उक्त शोधपत्र तयार पार्न पूर्वपरीक्षण, अवलोकन, प्रयोगात्मक तथा उत्तरपरीक्षण जस्ता विधिको प्रयोग गरिएको छ । यसरी निरन्तर मूल्याङ्कन गरेर अध्ययन अनुसन्धानको प्रगति विवरण हेर्दा ६ महिना अघि गरिएको परीक्षणभन्दा ६ महिनापछि गरिएको परीक्षणमा सरदर र प्रतिशत वृद्धि भएको देखिन्छ ।

निरौला (२०६६) द्वारा *कक्षा तिनमा नेपाली भाषा शिक्षणका क्रममा गरिने निरन्तर विद्यार्थी मूल्याङ्कन : एक अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । उक्त शोधमा निरन्तर मूल्याङ्कनको सैद्धान्तिक पक्षको अध्ययन गर्नु, कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूमा नेपाली भाषा शिक्षकले गरेको निरन्तर मूल्याङ्कन पद्धति पहिल्याउनु, निरन्तर

विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन पक्षको प्रभावकारिता पत्ता लगाउनु, निरन्तर विद्यार्थी मूल्याङ्कनमा देखा परेका समस्याहरूको पहिचान गर्नु र सम्बन्धित पक्षलाई समस्या समाधानका लागि सुझाव दिनुजस्ता उद्देश्यहरू रहेको पाइन्छ । उनले अध्ययनका क्रममा कक्षा तिनमा अध्ययनरत ८५ जना विद्यार्थीहरूलाई तिन महिना प्रत्यक्ष शिक्षण गरी अध्ययन अनुसन्धानअन्तर्गत पूर्वपरीक्षण र उत्तरपरीक्षणका माध्यमबाट उनीहरूमा आएको सिकाइ प्रगति विवरणलाई निरन्तर विद्यार्थी मूल्याङ्कनको मापदण्डका आधारमा प्रस्तुत गरेका छन् । उक्त अध्ययनमा मुख्यतया प्रत्यक्ष अवलोकन विधिलाई नै प्रमुखता दिइएको पाइन्छ । पाँच अध्यायमा विभाजित गरिएको उक्त शोधपत्रको अध्याय एकमा शोध परिचय, अध्याय दुईमा निरन्तर विद्यार्थी मूल्याङ्कनको सैद्धान्तिक परिचय, अध्याय तिनमा अध्ययन विधि, अध्याय चारमा निरन्तर विद्यार्थी मूल्याङ्कनको व्याख्या तथा विश्लेषण र तुलना छ भने अन्त्यमा पाँचौं अध्यायमा निष्कर्ष तथा सुझावहरूलाई समावेश गरिएको पाइन्छ । उक्त अध्ययनमा विद्यार्थीहरू कुनै पनि तहमा प्रवेश गर्दाको स्थितिभन्दा निश्चित अवधि पश्चात् उनीहरूमा सिकाइको प्रगति भएको देखिन्छ र यसको स्पष्ट आँकलन अभिलेख राखी गर्न सकिन्छ भन्ने निष्कर्ष निकालिएको पाइन्छ ।

घिमिरे (२०६७) द्वारा *निम्न माध्यमिक तहको कक्षा आठमा निरन्तर मूल्याङ्कनको प्रभावकारिता* शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । यसमा सिन्धुली जिल्लाको श्री सुनकोशी उच्च मा.वि.मा अध्ययनरत कक्षा आठका जम्मा २५ जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । उक्त अध्ययनको मुख्य उद्देश्यहरू सम्बन्धित विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सिकाइको उपलब्धिको अभिलेख राख्नु, प्रगति विवरणका आधारमा सिकाइ उपलब्धिको निर्धारण गर्नु र निरन्तर मूल्याङ्कनका आधारमा उनीहरूको प्रगतिको अभिलेख राख्नुजस्ता रहेको छन् । अध्ययनका क्रममा सर्वप्रथम निश्चित जननसङ्ख्याको छनोट, प्रतिनिधि नमुना छनोट, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन र विश्लेषणजस्ता विधिहरूको प्रयोग गरिएको छ । शोधकर्ताले उक्त अध्ययनबाट विद्यालय तहमा प्रयोग गरिने आवधिक मूल्याङ्कनको तुलनामा निरन्तर मूल्याङ्कन प्रणाली बढी प्रभावकारी भएको र यसरी मूल्याङ्कन गर्दा विद्यार्थी तथा शिक्षक सचेत एवम् क्रियाशील हुने भएकाले सिकाइ प्रभावकारी हुने निष्कर्ष निकालिएको पाइन्छ ।

वाग्ले (२०६९) द्वारा *कक्षा चारका विद्यार्थीहरूको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरणको अध्ययन* नामक शोधपत्र तयार पारिएको पाइन्छ । उक्त शोधमा भाषिक

मूल्याङ्कनको केही हदसम्म चर्चा गरिएको पाइन्छ । उक्त शोधमा ६ हप्ताको शिक्षणपश्चात् विद्यार्थीहरूमा देखिएको नेपाली भाषा सिकाइको आवधिक प्रगति प्रस्तत गरिएको छ । नेपाली भाषा शिक्षणमा भाषाका चारवटा सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइ सबैलाई सँगसँगै सिक्ने गरी अध्ययन गर्ने कार्य भएको देखिन्छ । उक्त शोधपत्र तयार पार्न पूर्वपरीक्षण, अवलोकन, प्रयोगात्मक परीक्षण, उत्तरपरीक्षण जस्ता विधिको प्रयोग गरिएको छ । यसरी विद्यार्थीहरूको ६ हप्तासम्म प्रत्यक्ष शिक्षण गरी निरन्तर विद्यार्थी मूल्याङ्कनका माध्यमबाट उनीहरूको प्रगतिको लेखाजोखा गरिएको छ । प्रत्येक हप्ता परीक्षा लिएर प्रगति विवरणको बारेमा कमजोरीहरू सुधारिएको छ । निरन्तर मूल्याङ्कनको लागि लिखित, मौखिक, गृहकार्य आदि अवलम्बन गरी ६ हप्ताको छोटो अवधिमा मूल्याङ्कन गरी सुरुवातको अवस्थामा भन्दा ६ वा ६ हप्ता पहिले भएको पाइन्छ । त्यस्तै आवश्यकता अनुसार स्तर हेरी निरन्तर विद्यार्थी मूल्याङ्कनको उपयोग गरियो भने विद्यार्थीको सिकाइ उपलब्धि अपेक्षित ढङ्गले अघि बढ्छ भन्ने निष्कर्ष दिन सकिन्छ ।

काफ्ले (२०७०) द्वारा *इलाम नगरपालिकाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको निरन्तर भाषिक प्रगति विवरणको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । उक्त अध्ययन इलाम नगरपालिकामा अवस्थित कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको निरन्तर भाषिक प्रगति विवरण पत्ता लगाउनु, पूर्वपरीक्षण र निरन्तर मूल्याङ्कनको उपलब्धिलाई तुलनात्मक रूपमा विश्लेषण गर्नु र प्रगति विवरणका आधारमा सिकाइ उपलब्धि निर्धारण गर्नुजस्ता उद्देश्यहरूमा केन्द्रित रहेको पाइन्छ । उक्त शोधमा अध्याय एकमा शोध परिचय, अध्याय दुईमा पूर्वकार्यको समीक्षा र अध्ययनको रूपरेखा, अध्याय तिनमा विधि र अध्ययन प्रक्रिया, अध्याय चारमा पूर्वपरीक्षण र प्रथम त्रैमासिक परीक्षाबाट प्राप्त नतिजाको तुलनात्मक विश्लेषण र निरन्तर मूल्याङ्कनबाट प्राप्त प्रथम र द्वितीय त्रैमासिक परीक्षाको नतिजाको तुलनात्मक अध्ययन र अध्याय पाँचमा प्रस्तुत शोधको सम्पूर्ण सारांश, निष्कर्ष र उपयोगिता शीर्षकहरू राखी अध्ययनलाई पूर्ण रूप दिइएको छ । अन्त्यमा उक्त अध्ययनमा प्रत्येक विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावक सबैको राय सङ्कलन गरी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अगाडि बढाएमा अपेक्षित उपलब्धि हासिल गर्न सकिने निष्कर्ष निकालिएको छ ।

शर्मा (२०७१) द्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा निरन्तर मूल्याङ्कन प्रभावकातारिको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । उक्त अध्ययन मुख्य

गरी पर्वत जिल्लाको श्री हिमालय उच्च माध्यमिक विद्यालयको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सिकाइ उपलब्धिको अभिलेख राख्नु र पूर्वपरीक्षण, मध्यावधि र उत्तरपरीक्षणका माध्यमबाट मूल्याङ्कनको उपलब्धिलाई तुलनात्मक रूपमा विश्लेषण गर्नुजस्ता उद्देश्यमा केन्द्रित रहेको पाइन्छ। यस अध्ययनका क्रममा जनसङ्ख्याका रूपमा पर्वत जिल्लाको श्री हिमालय उच्च माध्यमिक विद्यालयको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई लिइएको छ। कक्षा आठका छात्र/छात्रा गरी जम्मा ३० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा समावेश गरिएको उक्त विद्यार्थीहरूलाई ९० दिनसम्मको समयावधिमा निरन्तर मूल्याङ्कन गरी अभिलेख राखिएको छ। लिइएको मध्यावधि परीक्षण र उत्तरपरीक्षणबाट प्राप्त नतिजाको पनि अभिलेखीकरण गरी तथ्याङ्क सङ्कलन गरिएको छ। पूर्वपरीक्षण, मध्यावधि परीक्षण र उत्तरपरीक्षणका बीचमा तुलना गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको पाइन्छ। अन्त्यमा प्राप्त तथ्याङ्कलाई अभिलेखीकरण गरिएको र पूर्वपरीक्षण, मध्यावधि परीक्षण र उत्तरपरीक्षणमा विद्यार्थीले प्राप्त गरेका सिकाइ उपलब्धिलाई छुट्टाछुट्टै तालिकीकरण गरी रेखाचित्र तथा वृत्तचित्रद्वारा स्पष्ट रूपमा देखाइएको पाइन्छ। उक्त अध्ययनमा कक्षा आठका नेपाली भाषा सिक्ने जम्मा ३० जना विद्यार्थीहरूमा गरिएको निरन्तर मूल्याङ्कनको नतिजालाई आधार मानी सिद्धान्ततः स्वीकृत भएको तर सबै ठाउँ र तहमा व्यवहारमा प्रयोग नभएकाले यसलाई योजनाबद्ध गरी व्यवस्थित रूपमा देशभरका सबै विद्यालयहरूमा शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा प्रयोग गर्न सकेमा पठनपाठनमा उल्लेख्य सुधार ल्याउन सकिने निष्कर्ष निकालिएको पाइन्छ।

## पूर्वकार्यको उपादेयता

उक्त पूर्वकार्यको अध्ययनले विगतको अनुसन्धानलाई दिशानिर्देश गर्दै प्रस्तुत अनुसन्धेय विषयलाई मार्गनिर्देशन प्रदान गरेको छ। मैले यस पूर्वाध्ययनबाट निरन्तर विद्यार्थी मूल्याङ्कन अन्य कक्षामा गरिए तापनि आधारभूत तह अन्तर्गतको कक्षा सातमा अध्ययन गर्न बाँकी रहेको पाएँ। आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले निरन्तर विद्यार्थी मूल्याङ्कन छुट्याएको २५ प्रतिशत (४० अङ्क) मा सुनाइलाई ५ प्रतिशत र बोलाइलाई २० प्रतिशत छुट्याए अनुरूप अङ्कन प्रक्रियामा एकरूपताको आवश्यकता भेटियो।

पूर्वकार्यको अध्ययनबाट विद्यार्थीहरूको निरन्तर भाषिक मूल्याङ्कनका साधनहरूको प्रशास्त प्रयोग गरिएको पाइयो जसले गर्दा प्रस्तुत अध्ययनकार्यमा सहयोगी भई निष्कर्ष निकाल्न सजिलो भएको छ र उपर्युक्त पूर्वकार्यको उपयोगी सामग्री बनेको छ ।

## निरन्तर मूल्याङ्कनको अवधारणा

### निरन्तर मूल्याङ्कनको परिचय

मूल्याङ्कन पनि अनुसन्धानको एउटा महत्त्वपूर्ण पक्ष हो । सामान्य अर्थमा भन्नुपर्दा कुनै पनि विषयवस्तुको विभिन्न कोणबाट लेखाजोखा, छानिबन र जाँचबुझ गर्नुलाई हामी मूल्याङ्कन भन्दछौँ, जुन निरन्तर चलिरहने प्रक्रिया पनि हो । परीक्षा तथा मापन बाहेकका अन्य साधनबाट प्राप्त जानकारीहरूका आधारमा अन्तिम निर्णय लिने प्रक्रिया मूल्याङ्कन हो (खनाल र अन्य, २०७० : ७) । मूल्याङ्कन निर्णयात्मक र निर्माणात्मक गरी दुई प्रकारका हुन्छन् ।

निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन एउटा रूप निरन्तर मूल्याङ्कन हो (अधिकारी, (२०७३ : १८७) । विद्यार्थीहरूको सिकाइ मूल्याङ्कनका लागि छोटो समयको अन्तरालमा लगातार परीक्षा सञ्चालन गरेर विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्नु नै निरन्तर विद्यार्थी मूल्याङ्कन हो । मूल्याङ्कनका माध्यमबाट नै सिकाइमा आवश्यक सुधार गरी निष्कर्षमा पुग्न सकिन्छ । सिकाइ प्रक्रियासँगसँगै चलिरहने विद्यार्थीको मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन भनिन्छ, जुन निरन्तर रूपमा हुने गर्दछ (निरन्तर विद्यार्थी मूल्याङ्कन पुस्तिका, २०६८) । जब विद्यार्थीहरू विद्यालयमा पढ्न जान्छन्, त्यसै बेलादेखि नै उनीहरूको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने कार्य सुरु हुन्छ । निरन्तर मूल्याङ्कनका क्रममा उनीहरूको पठनपाठन के कति प्रभावकारी ढङ्गबाट अगाडि बढेको छ तथा उनीहरूको शैक्षिक विकासको स्तरका लागि के कस्ता शैक्षिक सामग्रीहरूलाई प्रयोग गर्न सकिन्छ, सो को मूल्याङ्कन गरिन्छ । मूल्याङ्कनद्वारा विद्यार्थीहरूका विविध कमजोर पक्षहरूलाई केलाएर आवश्यक सल्लाह र सुझाव दिन मद्दत गर्दछ । त्यसै कारणले गर्दा शैक्षिक क्षेत्रका हरेक कार्यकलापका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनबाट नै विद्यार्थीको सिकाइका बारेमा लेखाजोखा भइरहन्छ । यसबाट शिक्षकलाई विद्यार्थीले नसिकेका कुरा कसरी सिकाउने भन्ने बारेमा सोच बनाउन पृष्ठपोषण प्राप्त हुन्छ । खासगरी विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने तरिका मुख्यतः दुई किसिमका हुन्छन् । ती हुन् : निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन ।

शिक्षण प्रक्रियाका क्रममा विद्यार्थीको सिकाइ प्रगतिको लेखाजोखा गरी आवश्यकताअनुसार शिक्षण सिकाइ प्रक्रियामा सुधार गर्न शिक्षक र विद्यार्थी दुवैलाई पृष्ठपोषण दिने उद्देश्यले गरिने मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कन हो । यसमा विद्यार्थीहरूले हासिल गरेका शैक्षिक उपलब्धि, सामाजिक बानी, व्यवहार, अतिरिक्त कार्यमा संलग्नता जस्ता विशेष कार्यको निरन्तर लेखाजोखा गरी अभिलेख राखिन्छ । यसलाई अर्को शब्दमा सुधारात्मक मूल्याङ्कन पनि भनिन्छ । लिखित तथा मौखिक प्रश्नोत्तर, पाठगत अभ्यासहरू, परियोजना कार्य, हाजिरी, व्यवहार अवलोकनलगायतका माध्यमबाट नियमित रूपमा विद्यार्थीको मूल्याङ्कन गर्ने प्रक्रिया नै निरन्तर मूल्याङ्कन प्रणाली हो (निरन्तर विद्यार्थी मूल्याङ्कन स्रोत सामग्री, २०७०) । निरन्तर मूल्याङ्कन कुनै पनि शैक्षिक संस्थामा शैक्षिक सत्रको सुरुदेखि अन्त्यसम्म विभिन्न किसिमका मूल्याङ्कन प्रक्रिया अपनाई गरिने मूल्याङ्कन हो ।

निर्णयात्मक मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कनको ठिक विपरीत मूल्याङ्कन हो । शिक्षण सिकाइको निश्चित अवधिपछि वा अन्त्यमा विद्यार्थीले तोकिएका सिकाइ उपलब्धिहरू के कति हासिल गरे भनी लेखाजोखा गर्न गरिने मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कन हो (खनाल र अन्य, २०७० : ४५) । शिक्षण कार्यक्रमको वैधता पत्ता लगाउनका लागि यो मूल्याङ्कनको प्रयोग गरिन्छ । यो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइसम्बन्धी निश्चित निर्णय लिनु हो । अर्ध वार्षिक परीक्षा, वार्षिक परीक्षा एवम् अन्य बाह्य परीक्षाहरूलाई यसका उदाहरणका रूपमा लिन सकिन्छ । जुन मूल्याङ्कनका लागि औपचारिक कार्यक्रम नै तय गरिएको हुन्छ ।

मूल्याङ्कनलाई शिक्षण सिकाइको चक्रीय प्रक्रियाभित्रको एक अभिन्न अङ्गको रूपमा हेरिन्छ । जुनसुकै कार्यहरूको पनि यसमा निहित गुण र दोषहरूलाई केलाई सबल पक्षहरूलाई प्रोत्साहित गर्न र दुर्बल पक्षहरूलाई निरुत्साहित गर्न मूल्याङ्कनले सहयोग गर्दछ । मूल्याङ्कनअन्तर्गत शिक्षकले कुनै पनि विषयवस्तुको अध्यापन गर्नुभन्दा पूर्व यसका निर्धारित उद्देश्यहरू के के हुन्, यस विषयवस्तुको शिक्षण प्रक्रिया, यसमा प्रयोग हुन सक्ने शैक्षिक सामग्रीहरू के के हुन्, मूल्याङ्कन प्रक्रिया के के हो, पढ्नु पर्ने विषयवस्तुको उपयोगिता के हो, आदि कुराहरूलाई विशेषरूपमा हेर्नुपर्ने हुन्छ । त्यसपछि क्रमशः विद्यार्थीहरूको व्यवहारमा अपेक्षित परिवर्तन भयो वा भएन र के कस्ता उपायहरू कार्यान्वयन गर्नुपर्छ भन्ने कुरा पत्ता लगाउन मूल्याङ्कन गर्नु अत्यावश्यक देखिन्छ । मूल्याङ्कन शैक्षिक प्रक्रियाको महत्वपूर्ण कार्य हो भन्न सकिन्छ ।

## निरन्तर मूल्याङ्कनका आधार

निरन्तर विद्यार्थी मूल्याङ्कनको अध्ययन गर्न मुख्यतः आन्तरिक र बाह्य दुई आधार अपनाउनु राम्रो हुन्छ । प्रस्तुत शोधमा दुई आधार अवलम्बन गरिएको छ :

**(क) बाह्य आधार**

आन्तरिक आधार बाहेकका लिखित परीक्षाहरू (पूर्वपरीक्षण, आवधिक परीक्षण र उत्तरपरीक्षण आदि) बाह्य आधारमा पर्दछन् । यसमा विद्यार्थीलाई औपचारिक परीक्षाको माध्यमबाट निश्चित अङ्क प्रदान गरी उनीहरूको सिकाइ उपलब्धि विवरणको निश्चित गरिन्छ ।

**(ख) आन्तरिक आधार**

यस आधारमा विद्यार्थीको नियमित अवलोकन गरी अध्ययन गरिन्छ । विद्यार्थीले कक्षामा देखाउने सहभागिताका विभिन्न पक्षहरू कक्षाकार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी जस्ता कम औपचारिक परीक्षा प्रणाली यसका आन्तरिक आधारअन्तर्गत पर्न आउँछन् ।

## उद्देश्य र कार्य

निरन्तर विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सोझो अर्थमा विद्यार्थीहरूमा आएको प्रगति लेखाजोखा गर्नु त छँदैछ । अर्कातर्फ निरन्तर मूल्याङ्कन प्रणालीको अवलम्बन गरी उदार कक्षोन्नति र विद्यार्थीहरूको सिकाइमा देखिने कमजोरी निराकरण थप मद्दतका लागि प्रोत्साहन दिनु पनि रहेको छ । यसका लागि विद्यार्थीहरूले कक्षामा देखाउने सक्रियतालाई अवलोकन गरी अभिलेख राख्नु भाषा शिक्षकको प्रमुख भूमिका हुन जान्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन पुस्तिका २००५ अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनका आफ्नै प्रकारका उद्देश्य तथा कार्य रहेको पाइन्छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनका उद्देश्य बिचैमा कक्षा छाड्ने विद्यार्थी सङ्ख्या कम गर्ने, कक्षा दोहोऱ्याउने सङ्ख्या कम गर्ने, विद्यार्थीलाई नियमित विद्यालय आउने वातावरण तयार गर्नेजस्ता रहेका छन् । साथसाथै विद्यार्थीमा परीक्षामा अनुत्तीर्ण हुने सन्त्रास हटाउने, प्राथमिक शिक्षाको गुणात्मक विकासमा टेवा पुऱ्याउन सक्ने बनाउनु पनि यसको उद्देश्य हो । मूल्याङ्कनलाई विद्यार्थी केन्द्रित बनाई प्रभावकारी सिकाइका लागि उपयोग गर्न सिकाउँछ । विद्यार्थीले नसिकेका कुराहरूबारे समयमै जानकारी प्राप्त गर्न र सुधारात्मक शिक्षणका माध्यमले थप मद्दत गर्न, विभिन्न साधन र माध्यमको प्रयोग गरी विद्यार्थीको

सिकाइको लगातार र नियमित लेखाजोखा गर्ने परिपाटी बसाल्न, अधिकतम विद्यार्थीलाई प्राथमिक शिक्षा पूरा गराई शैक्षिक क्षति कम गर्न, उदार कक्षोन्नतिको नीति लागू गर्नजस्ता उद्देश्यहरू निरन्तर भाषिक मूल्याङ्कनअन्तर्गत पर्दछन् ।

## निरन्तर मूल्याङ्कनका फाइदा

निरन्तर भाषिक मूल्याङ्कनबाट हुने फाइदाहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(अ) शिक्षकले पढाएको कुरा विद्यार्थीले के कति हासिल गर्न सक्यो भन्ने कुरा थाहा पाउनु : कक्षाकोठामा शिक्षक आएर पढाइसकेपछि विद्यार्थीलाई के के कुरामा समस्या छ वा विद्यार्थीले पढाएको कुरा बुझ्यो बुझेन भनेर थाहा पाउन यसको प्रयोग गर्नुपर्दछ ।

(आ) शिक्षकलाई विद्यार्थी केन्द्रित शिक्षण गर्न सहयोग गर्नु : कक्षाकोठामा शिक्षकले निरन्तर मूल्याङ्कनका माध्यमबाट शिक्षण सिकाइ सञ्चालन गर्दा विद्यार्थीहरूका कमी कमजोरी के के हुन् ? भन्ने थाहा भई शिक्षकले त्यहीअनुसार शिक्षण गर्दछ ।

(इ) शिक्षा क्षेत्रमा लगानीअनुसार उपलब्धि हासिल गर्न सहयोग गर्ने : शिक्षा क्षेत्रमा नेपाल सरकारले धेरै लगानी गरेको छ तर देशभरिका प्रत्येक विद्यालयमा निरन्तर मूल्याङ्कनलाई प्रयोगमा नल्याउनाले विद्यार्थीहरूको सिकाइ उपलब्धि धेरै न्यून आइरहेको छ । यसमा सुधार ल्याउन निरन्तर मूल्याङ्कनले सहयोग गर्दछ ।

(ई) विद्यार्थीहरूलाई परीक्षादेखि डराउने र कक्षा छाड्ने प्रवृत्ति हटाउनु : निरन्तर मूल्याङ्कनमा विद्यार्थीका कमजोर पक्ष सबै जानकारी भई क्रमिक रूपमा सुधार्न लगाइने हुँदा उनीहरू परीक्षादेखि डराउने सम्भावना रहँदैन ।

(उ) विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्दै लैजान : शिक्षकले आफूले पढाउने कक्षामा सधैँ निरन्तर मूल्याङ्कन गरेर शिक्षण गरेमा विद्यार्थीका कमजोर पक्षका बारेमा शिक्षकलाई जानकारी हुन्छ । विद्यार्थीका कमजोर पक्षका बारेमा आवश्यक पृष्ठपोषण पाउँदा सिकाइ उपलब्धि बढ्दै जान्छ ।

(ऊ) छोटो समयमा नै विद्यार्थीले आफ्ना कमजोरी पत्ता लगाई सुधार्ने अवसर प्राप्त गर्नेः शिक्षण सिकाइका क्रममा नै विद्यार्थीले आफ्ना कमी कमजोरी पत्ता लगाई त्रुटि निराकरण गर्न सहयोग पुऱ्याउने कार्य निरन्तर मूल्याङ्कनबाट नै सम्भव हुन्छ ।

## भाषिक मूल्याङ्कनका सिद्धान्त

भाषा पाठ्यक्रमद्वारा निर्धारित उद्देश्यहरू हासिल गर्ने, गराउने र आवश्यक पृष्ठ पोषण गर्ने काम भाषिक मूल्याङ्कनले गर्दछ । अतः भाषिक मूल्याङ्कनका सिद्धान्तहरूलाई विशेष ख्याल गर्नु पर्ने हुन्छ । भाषिक मूल्याङ्कनका मुख्य सिद्धान्तहरू निम्न लिखित रहेका छन् :

### (क) उद्देश्य अनुरूपता

भाषा पाठ्यक्रमका निर्धारित उद्देश्य र मूल्याङ्कनबिच आवश्यक तालमेल हुनुपर्छ । उद्देश्य र परीक्षणको तालमेल भएन भने दुर्भाग्य हुन जान्छ । पाठ्यक्रमले निर्धारित गरेका भाषिक उद्देश्य के हुन् भन्ने कुराको ज्ञान हुनुपर्दछ र सोही स्तर कायम हुने किसिमले परीक्षण साधनहरूको छनोट हुनुपर्दछ ।

### (ख) परीक्षणीय वस्तुको छनोट

भाषा शिक्षकले भाषिक मूल्याङ्कन गर्दा भाषिक सीपको अतिरिक्त भाषासँग सम्बन्धित शब्दभण्डार र व्याकरण जस्ता पक्षको मूल्याङ्कन गर्नु आवश्यक छ । यसर्थ के भन्न सकिन्छ भने भाषा शिक्षक यस्तो होस् कि जसले परीक्षणीय वस्तुको छनोट हुन सकेन भने अन्ततः अपेक्षित उद्देश्यहरू हासिल गर्न कठिन हुने गर्दछ । अतः भाषिक मूल्याङ्कनका सिलसिलामा परीक्षकले के को परीक्षण गर्नु पर्ने हो सो निश्चित गर्नुपर्छ (अधिकारी, २०५७ : २३५) ।

### (ग) भाषा तत्त्व र भाषिक सीपको परीक्षण

भाषामा भाषिक सीपका अतिरिक्त भाषाका तत्त्वहरू पनि एकीकृत भएर आउने गर्दछ । हुन त भाषिक र भाषा तत्त्वलाई छुट्टाछुट्टै रूपमा परीक्षण गर्न नसकिने होइन तापनि यो परीक्षण केवल पहिचानात्मक किसिमको हुने हुँदा भाषा तत्त्वलाई पनि भाषिक सीपमै सम्बद्ध गराएर एकीकृत रूपमा परीक्षण गर्दा प्रभावकारी र सरल हुने गर्दछ । यसर्थ परीक्षकले भाषिक मूल्याङ्कनका सिद्धान्तलाई अवलम्बन गर्न वाञ्छनीय हुन्छ । भाषा सिकाइ

मूलतः आभ्यासिक र प्रयोगात्मक हुने हुँदा भाषिक तत्वलाई एकअर्कासँग पूर्णतः असम्बद्ध बनाइ परीक्षण गर्ने कुरा सम्भव हुँदैन ।

**(घ) एकपटकमा एउटा कुराको परीक्षण**

एउटै व्यक्ति वा साधनको सहायताले सम्पूर्ण भाषिक कौशलको परीक्षण गर्न खोज्नु मूर्खता सिवाय अरु केही हुँदैन । संसारमा पूर्णता भन्ने केही छैन । एउटै युक्ति उपायले एकभन्दा बढी भाषिक सीप तथा तत्सम्बन्धी पक्षको परीक्षण गर्न खोज्दा परीक्षण गर्न खोजिएको वास्तविक कुराको परीक्षण नभई झन परीक्षणको वैधता माथि प्रश्न चिह्न लाग्न सक्छ । अतः सर्व प्रथम परीक्षकले परीक्षण गर्न चाहेको खास सीप तत्व वा विधाको छनौट तथा निश्चित गरी सकेपछि मात्र अन्य कुराको विचार गर्नु उपयुक्त हुन्छ (अधिकारी, २०५७: २३७) ।

**(ङ) परीक्षणीय वस्तु र युक्तिबीच सहसम्बन्ध**

परीक्षणीय वस्तु र युक्ति तथा साधनका बिचमा तालमेल र सङ्गति हुनु आवश्यक छ । नत्र परीक्षण प्रयोजनहीन तथा अविश्वसनीय बन्न जान्छ । अतः परीक्षणीय कुरा अनुरूप युक्ति तथा साधनको छनौट संयोजन हुनुपर्छ । जुन कुरा जाँच्न खोजिएको हो, त्यो मात्र जाँच्ने अन्य कुरा होइन (अधिकारी, २०५७ : २३७) । भाषिक सीपको कुनै एउटा पक्ष जाँच्ने अपेक्षा राखिएका प्रश्न वा युक्तिबाट अर्को पक्ष जाँचिने स्थिति हुनु परीक्षणसम्बन्धी असङ्गति मान्न सकिन्छ । तसर्थ भाषा शिक्षकले यो कुरालाई ख्याल गर्नुपर्ने हुन्छ ।

**(च) परीक्षणका लागि पूर्वयोजना**

योजना विना कुनै कार्य सफल र प्रभावकारी हुन सक्तैन । त्यसैले कुनै पनि कार्यको शुभारम्भ हुनु पूर्व त्यस कार्यलाई सम्पन्न गर्न र परिणाममुखी बनाउन आवश्यक सम्पूर्ण तयारी गर्नु पर्दछ । यस्तो तयारी भयो भने परीक्षण गर्न परीक्षकलाई सजिलो हुनुको साथै वैधता कायम हुन सक्छ । विशिष्टीकरण कुराको झलक आउन सक्नुपर्छ । त्यसैले तालिकामा परीक्षणीय कुरामा अतिरिक्त समय अङ्कभार उपयुक्त युक्ति प्रश्न तथा अन्य साधनको समेत निर्देशन भएको हुनु पर्दछ ।

## निरन्तर मूल्याङ्कनका विशेषताहरू

मूल्याङ्कन निर्णयात्मक र निर्माणात्मक गरी दुई तरिकाबाट गर्न सकिन्छ। निर्णयात्मक मूल्याङ्कनले शिक्षा क्षेत्रमा धेरै ठूलो अधिपत्य जमाए पनि कक्षाकोठाको सिकाइ उपलब्धि वृद्धि गरी विद्यार्थीलाई पठनपाठनतिर आकर्षण गर्न भने सकेको छैन । निर्माणात्मक मूल्याङ्कन भने विद्यार्थीका कमी कमजोरी पत्ता लगाउने सुधारात्मक प्रकृतिको हुन्छ। जसबाट विद्यार्थीको बारम्बारको मूल्याङ्कन हुने, कमी कमजोरी पत्ता लगाउने विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिने आदि कार्य हुने गर्दछ; यसैलाई निरन्तर मूल्याङ्कन भनिन्छ (शर्मा र पौडेल, २०७० : २७३) । निरन्तर मूल्याङ्कनमा विद्यार्थीले हासिल गरेका शैक्षिक उपलब्धि, सामाजिक बानी व्यवहार, अतिरिक्त क्रियाकलापमा संलग्नता, विशेष घटनाको निरन्तर लेखाजोखा गर्ने गरिन्छ। अतः अहिलेको परिवेशमा शिक्षालाई उपलब्धिमूलक बनाउन कक्षाकोठामा निरन्तर मूल्याङ्कन एकदमै आवश्यक छ ।

निरन्तर भाषिक मूल्याङ्कनका विशेषताहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अनौपचारिक प्रकृतिको हुन्छ। कक्षाकोठामा शिक्षक आएर शिक्षण सिकाइ गरिसकेपछि विद्यार्थीले के कति मात्रामा बुझे भनेर कक्षाकार्य, प्रश्नोत्तर, गृहकार्य आदिबाट मूल्याङ्कन गरिने हुँदा यो अनौपचारिक हुन्छ ।

(ख) निरन्तर मूल्याङ्कन प्रणालीले विद्यार्थीलाई कक्षा चढ्न सहयोग गर्दछ तर कक्षा चढाउँदैन । शिक्षण सिकाइमा प्रयोग गरिने निरन्तर मूल्याङ्कन औपचारिक प्रकृतिको हुने र यसलाई विद्यार्थीका कमजोरी सुधार गर्न मात्र प्रयोग गरिने हुँदा यसले विद्यार्थीलाई कक्षा चढ्न सहयोग गर्दछ तर आफैँ कक्षा चढाउँदैन ।

(ग) विद्यार्थीमा भएका कमीकमजोरीहरू सुधार गर्नका लागि बारम्बार गरिने मूल्याङ्कन र त्यसको पृष्ठपोषणले विद्यार्थीहरूमा आत्मबल बढाउँछ ।

## भाषिक मूल्याङ्कनका साधनहरू

भाषिक मूल्याङ्कनका मुख्य मुख्य साधनहरू निम्नलिखित छन् :

(क) **मौखिक जाँच**

भाषिक मूल्याङ्कनका लागि मौखिक जाँच अति आवश्यक माध्यम हो । यस्तो जाँचबाट सुनाइ, बोलाइ सम्बन्धी विभिन्न सीपहरू, वस्तु तथा चित्र वर्णन, सस्वर पठन, उच्चारण, पठनबोध जस्ता कुराको मूल्याङ्कन गर्न सकिन्छ (अधिकारी, २०६२ : १४५)। यसर्थ मौखिक जाँच लिएर भाषा शिक्षकले भाषिक सीपको मूल्याङ्कन गर्न सकिन्छ ।

(ख) **लिखित जाँच**

भाषिक मूल्याङ्कनको लागि लिखित जाँचको आफ्नै महत्त्व छ । लिखित जाँचबाट मात्र सम्पूर्ण भाषिक मूल्याङ्कन सम्भव हुँदैन । तापनि प्रायः लिखित जाँचकै माध्यमबाट भाषिक मूल्याङ्कन गरिने परिपाटी विद्यमान रहेको पाइन्छ । त्यसैले पनि लिखित जाँचबाट लेखन बोध, प्रश्नोत्तर, हिज्जे (वर्णविन्यास), शब्द प्रयोग आदि कुराको जाँच गर्न सकिन्छ ।

(ग) **प्रयोगात्मक जाँच**

भाषिक मूल्याङ्कनको लागि लिखित र मौखिक जाँच मात्रबाट भाषिक सीपको मूल्याङ्कन नहुने हुँदा अर्को जाँच प्रयोगात्मक जाँच हो । यसबाट विद्यार्थीको व्यावसायिक र व्यावहारिक पक्षको मूल्याङ्कन गरिने हो । भाषाको लिखित र मौखिक जाँचबाट ज्ञान, बोध पक्षको ग्रहण गर्दछ भने सीप पक्षको मूल्याङ्कन गर्न प्रयोगात्मक जाँच लिइन्छ । भाषिक सीप प्राप्त गर्न ज्ञान, बोध, प्रयोग सबै पक्षको आवश्यकता परेको हुँदा प्रयोगात्मक जाँच पनि आवश्यक जाँच हो । प्रयोगात्मक जाँच गर्दा चित्रकला, हस्तकला, टाइपिङ, प्रश्नोत्तर, सूची बनाउने आदि पर्दछन् ।

(घ) **अवलोकन**

प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने प्रमुख विधिहरूमा अवलोकन एक प्रभावकारी उपयुक्त विधि हो । शाब्दिक अर्थमा अवलोकन भनेको नयाँ कुरा प्राप्त गर्नका लागि कुनै व्यक्ति अथवा वस्तुलाई पटक-पटक हेर्ने कार्य भन्ने बुझिन्छ । लिखित तथा मौखिक जाँचका अतिरिक्त मूल्याङ्कनको अर्को साधन अवलोकन हो । यो लिखित र मौखिक जाँचभन्दा भिन्न प्रकृतिको हुन्छ । "अनुसन्धानकर्ताले तयार पारेको परिकल्पना परीक्षण गर्न आवश्यक पर्ने तथ्याङ्क अवलोकनबाटै प्राप्त गर्न सकिन्छ" (खनाल, २०६७) । अनुसन्धानका लागि गरिने

भाषिक सीप तथा क्षमताको मूल्याङ्कनका लागि अवलोकन एक उपयोगी माध्यम बन्न सक्छ । अवलोकन गर्दा निम्न साधनको प्रयोग गर्नुपर्ने हुन्छ :

### (अ) **जाँच सूची**

जाँच सूची भनेको विद्यार्थीको योग्यता तथा आचरणसम्बन्धी गुणहरूको परीक्षण गर्ने सूची हो । यसबाट विद्यार्थीको योग्यता र आचरणको श्रेणी निर्धारण हुन्छ । यसमा परीक्षणीय कुराका मुख्य मुख्य बुँदा दिई तिनका प्रत्येक विद्यार्थीको क्षमता के कस्तो छ ? सो तोक्न प्रत्येक बुँदा विभिन्न किसिमका विकल्प समावेश गरिएका हुन्छन् । उक्त विकल्पमध्ये सम्बन्धित विद्यार्थीका लागि जुन उपयुक्त छ, त्यसमा चिनो लगाइन्छ । जाँच सूचीमा आवश्यक कुरा लेख्न खाली ठाउँ समेत दिइन्छ । लेखनसम्बन्धी अवलोकन गर्दा श, ष, स ठिकसँग वर्ण विन्यास गर्न नसक्ने अन्य केही भए लेख्ने ।

### (आ) **श्रेणी मापन**

विद्यार्थीको कुनै खास व्यवहारको अध्ययन गरी वर्गीकरण गरेर क्रम निर्धारण गर्ने मूल्याङ्कनको साधन श्रेणी मापन हो । श्रेणी मापन गर्दा विद्यार्थीको अपेक्षित व्यवहार मूल्याङ्कनका लागि सम्पादन गर्नुपर्ने कार्य वा क्रियाकलापको सूची बनाइन्छ । श्रेणी मापन गरेर खास खास कुरामा खास विद्यार्थीको सीप, समझ, धारणा तथा सुझको श्रेणी वा स्तर कुन खालको छ, सो ठम्याइन्छ । जस्तै : उत्तम, मध्यम, न्यून ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## अध्ययन विधि

अनुसन्धान औपचारिक र व्यवस्थित खोजी कार्य भएकाले प्रस्तुत शोधकार्यमा सम्बन्धित विषयसँग सम्बद्ध विधिको उपयोग गरिएको छ। अनुसन्धान कार्य कसरी सम्पन्न गरिन्छ भनी प्रस्ट पार्न अनुसन्धान विधिको उपयोग गरिन्छ। अनुसनधान गर्दा सुरुदेखि अन्त्यसम्म अपनाइने उपयुक्त विधिहरूलाई पूर्वयोजनाका रूपमा व्यवस्थित गरी अनुसन्धान कार्य सफल बनाइने प्रक्रियाहरू अपनाइएको छ।

## जनसङ्ख्या तथा नमुना छनोट

कुनै अनुसन्धान गर्दा जनसङ्ख्याको जरुरत पर्दछ। सोही अध्ययनका लागि प्रयोग हुने जनसङ्ख्याको समूहलाई नै प्रतिनिधि नमुना मानिन्छ। प्रस्तुत अध्ययन विशेषतः विद्यार्थीहरूलाई निश्चित पाठमा प्रत्यक्ष शिक्षणपश्चात् उनीहरूमा आएको सिकाइ प्रगतिको अभिलेखमा आधारित रहेको छ। विद्यार्थीहरूको सिकाइ प्रगतिको अभिलेख राख्नका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। प्रस्तुत अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि झापा जिल्लाको श्री अर्जुनधारा संस्कृत आदर्श माध्यमिक विद्यालयलाई लिइएको छ। उक्त विद्यालयका कक्षा सातमा अध्ययनरत जम्मा ३० जना विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ।

## सामग्री निर्माण तथा तथ्याङ्क सङ्कलन

कुनै पनि अध्ययन अनुसन्धान कार्य आफैँमा जटिल हुन्छ। सामग्रीविना अध्ययन कार्य सफल हुन सक्दैन। प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन निम्न स्रोतबाट गरिएको छ :

### (क) प्राथमिक स्रोत

अध्ययनको प्राथमिक स्रोतका रूपमा कक्षा सातको नेपाली विषय शिक्षण क्रियाकलापमा शिक्षकले गरेको मूल्याङ्कन अभिलेखलाई राखिएको छ। प्राथमिक स्रोत निर्माण गर्ने क्रममा विद्यार्थीहरूलाई पूर्वपरीक्षण, मध्यावधि परीक्षण र उत्तरपरीक्षण गरी

शिक्षकले शिक्षण गरेको ९० औं दिन (३ महिना) सम्ममा निरन्तर मूल्याङ्कन गरिएको छ। उक्त परीक्षणबाट प्राप्त प्राप्ताङ्कको आधारमा तालिकीकरण गरिएको छ।

**(ख) द्वितीयक स्रोत**

द्वितीयक स्रोतअन्तर्गत पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी निर्देशिका, पत्रपत्रिकामा प्रकाशित यस शीर्षकसँग सम्बन्धित लेख, रचनाहरू, कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तक, प्रस्तुत अध्ययनसँग सम्बन्धित यसभन्दा पूर्व गरिएका शोधपत्रहरू, विज्ञहरूको सल्लाह, सुझाव, सामग्री निर्माणमा पूर्वपरीक्षण, मध्यपरीक्षण र उत्तरपरीक्षण जस्ता मूल्याङ्कनका साधनलाई सहयोगीका रूपमा लिई अध्ययन कार्य सम्पन्न गरिएको छ।

## तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययन कार्य सम्पन्न गर्नका लागि छनोटमा परेका विद्यार्थीहरूलाई लगातार ९० दिनसम्म कक्षा कार्य हेरी निरन्तर मूल्याङ्कन गरी तयार पारिएको अभिलेखलाई सामग्रीका रूपमा लिई तथ्याङ्क सङ्कलन गरिएको छ। यसअन्तर्गत सर्वप्रथम पूर्वपरीक्षण गरी प्राप्त नतिजाको अभिलेखीकरण गरिएको छ। त्यसपछि मध्यावधि परीक्षण र उत्तरपरीक्षणबाट प्राप्त नतिजाको अभिलेखीकरण गरी तथ्याङ्क सङ्कलन गरिएको छ। यसका साथसाथै पूर्वपरीक्षण, मध्यावधि परीक्षण र उत्तरपरीक्षणका बीचमा तुलना गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ।

## तथ्याङ्कको व्याख्या र विश्लेषण

विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्नका लागि लिइएका परीक्षणबाट प्राप्त नतिजाका आधारमा विद्यार्थीको उपलब्धि परीक्षण गरी अभिलेख राख्ने काम गरिएको छ। यसरी पूर्वपरीक्षण, मध्यावधि परीक्षण र उत्तरपरीक्षणबाट प्राप्त नतिजालाई छुट्टाछुट्टै तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ र तिनवटा परीक्षाबाट प्राप्त नतिजाका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ।

नेपालमा वर्तमान आधारभूत तह (१-८) को पाठ्यक्रमले ४० पूर्णाङ्कको निरन्तर विद्यार्थी मूल्याङ्कनलाई अनिवार्य रूपमा प्रयोग गर्नैपर्ने नीति ल्याउदा त्यस्तो मूल्याङ्कन प्रभावकारी छ/छैन भनी ९० दिनसम्म झापा जिल्लको विद्यालयलाई नमूनाको रूपमा

छनोट गरी प्रस्तुत शोधपत्र तयार गरिएको छ। त्यसका लागि विभिन्न सामग्री सङ्कलन गर्ने क्रममा झापा जिल्लाको श्री अर्जुनधारा संस्कृत आदर्श मा.वि का कक्षा सातमा अध्ययनरत ३० जना छात्रालाई छनोट गरी पूर्वपरीक्षण, त्रैमासिक परीक्षण र उत्तरपरीक्षणका आधारबाट प्राप्त नतिजाको व्याख्या विश्लेषण गरिएको छ ।

भाषिक मूल्याङ्कनका आन्तरिक र बाह्य आधारहरूद्वारा परीक्षण र अङ्कन गरी आवधिक मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कनभन्दा निरन्तर मुल्याङ्कन विद्यार्थीहरूको सिकाइ क्षमतास्तर वृद्धिका लागि महत्वपूर्ण रहने तथ्य प्रस्तुत शोधपत्रबाट निकालिएको छ । परीक्षालाई त्रासका रूपमा लिने, आत्तिने, डराउने र हतोत्साहित हुँदै आफ्नो क्षमता प्रस्फुटन गर्न नसक्ने विद्यार्थीका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन एक कोसेढुङ्गा सावित हुने निष्कर्ष प्रस्तुत शोधपत्रबाट निकालिएको छ । त्यसका लागि भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइका माध्यमबाट कक्षाकार्य, गृहकार्य, अवलोकन लगायतका मूल्याङ्कनका साधनहरूलाई प्रयोगमा ल्याइएको छ ।

दिइएका प्रश्नहरूको उत्तरलेखनका क्रममा विद्यार्थीहरूले निरन्तर मूल्याङ्कन गर्नु भन्दा पूर्व भाषिक उपलब्धिस्तर न्यून रहेको परीक्षाबाट आत्तिएर बोल्न नसकेको, कक्षाकार्यमा पनि उत्सुकतापूर्वक सहभागी नभएको पाइए तापनि निरन्तर भाषिक मूल्याङ्कन पश्चात् बीचमा र अन्त्यमा क्रमशः भाषिक उपलब्धिस्तर बृद्धि हुदै गएको भेटियो ।

कक्षा सातमा अध्ययनरत विद्यार्थीको निरन्तर भाषिक मूल्याङ्कनको लैङ्गिक आधारमा सिकाइ क्षमता स्तर छात्रमा भन्दा छात्रामा वृद्धि हुँदै गएको पाइयो ।

# अध्याय चार

# कक्षा सातमा अध्ययनरत विद्यार्थीको निरन्तर भाषिक मूल्याङ्कन प्रभावकारिताको विश्लेषण

## कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सिकाइ उपलब्धिको स्तर र अवस्था

आफूले गर्ने कुनै पनि कार्यको पूर्व जाँच नै पूर्वपरीक्षण हो । प्रस्तुत शोधपत्रका लागि कक्षा सातमा पाठगत रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न खोज्दा उक्त कक्षामा भएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको स्तर कति छ ? विद्यार्थीहरू माफ निरन्तर मूल्याङ्कनद्वारा कक्षा सञ्चालन गर्दा के कस्ता समस्या आउन सक्छन् ? विद्यार्थीको निरन्तर मूल्याङ्कनका लागि के के कुरालाई आधार मान्नेजस्ता विविध कुराको जानकारी लिन पूर्वपरीक्षण गर्नु अपरिहार्य हुन्छ। पूर्वपरीक्षणले अनुसन्धानकर्तालाई अनुसन्धान कार्यमा ठोस प्रमाण जुटाइदिने हुँदा लक्ष्यसम्म पुग्न मद्दत गर्ने देखिन्छ। त्यसैले कुनै पनि कार्यमा पूर्वपरीक्षण गर्नु आफैँमा महत्वपूर्ण विषय हो ।

प्रस्तुत शोधकार्यलाई अगाडि बढाउने क्रममा झापा जिल्लाको श्री अर्जुनधारा संस्कृत आदर्श माध्यमिक विद्यालयमा कक्षा सातमा अध्ययननरत विद्यार्थीहरूको नेपाली विषयको निरन्तर मूल्याङ्कन गर्नु पूर्व कक्षाका सम्पूर्ण विद्यार्थीहरूको ४० पूर्णाङ्कको लिखित जाँच, अवलोकन, गृहकार्य जस्ता परीक्षा लिई विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलको अवस्थालाई यहाँ वर्णानुक्रममा प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

**पूर्वपरीक्षणबाट प्राप्त नतिजाको विवरण**

| क्र.सं. | विद्यार्थीको नाम | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | अतिशा खातुन | ४० | २५ | ६२.५ | |
| २. | अस्लम महम्मद | ४० | १८ | ४५ | |
| ३. | इशिता खातुन | ४० | २३ | ५७.५ | |
| ४. | ओमप्रकाश चौधरी | ४० | १९ | ४७.५ | |
| ५. | करन मण्डल | ४० | २१ | ५२ | |
| ६. | कुशल अधिकारी | ४० | १९ | ४७.५ | |
| ७. | खुसी मण्डल | ४० | १७ | ४२.५ | |
| ८. | दिपेश नेपाली | ४० | २१ | ५२.५ | |
| ९. | नारायण अधिकारी | ४० | १७ | ३४ | |
| १०. | पवन मण्डल | ४० | २५ | ६२.५ | |
| ११. | पूर्णिमा राजवंशी | ४० | ३१ | ७७.५ | |
| १२. | प्रज्ज्वल ढकाल | ४० | २६ | ६५ | |
| १३. | फतेमा खातुन | ४० | २५ | ६२.५ | |
| १४. | बबिता सहनी | ४० | १६ | ४० | |
| १५. | भावना डाँगी | ४० | २० | ५० | |
| १६. | मनिष चौधरी | ४० | २० | ५० | |
| १७. | मनिषा खातुन | ४० | १३ | ३२.५ | |
| १८. | राजकुमार बिर्जा | ४० | २४ | ६० | |
| १९. | रिजन श्रेष्ठ | ४० | २५ | ६२.५ | |
| २०. | रेश्मा खातुन | ४० | २० | ५० | |
| २१. | रोजिना खातुन | ४० | २२ | ५५ | |
| २२. | रोस्ना ओली | ४० | २५ | ६२.५ | |
| २३. | लक्ष्मी दंगाल | ४० | २८ | ७० | |
| २४. | विभू प्रसाइँ | ४० | १८ | ४५ | |
| २५. | सञ्जय कार्की | ४० | २५ | ६२.५ | |
| २६. | सन्ध्या चौधरी | ४० | १७ | ४२.५ | |
| २७. | सरिता माझी | ४० | ३३ | ८२.५ | |
| २८. | सल्मान महम्मद | ४० | २३ | ५७.५ | |
| २९. | साइनुर खातुन | ४० | १४ | ३५ | |
| ३०. | सेसेहाङ लिम्बू | ४० | २५ | ६२.५ | |

स्रोत: स्थलगत अध्ययन, २०७४ ।

माथिको तालिकामा उल्लेख गरिएको विवरण कक्षा सातका सम्पूर्ण विद्यार्थीहरूलाई ४० पूर्णाङ्कका प्रश्नहरूको निर्माण गरी सञ्चालन गरिएको लिखित परीक्षाको वास्तविक उपलब्धिको नतिजा हो ।

कक्षा सातका विद्यार्थीहरूको निरन्तर मूल्याङ्कनद्वारा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पूर्व पहिले अध्ययन गरेका पाठहरूमा सिकाइ उपलब्धि के कस्तो छ भनी ४० पूर्णाङ्कको लिखित परीक्षाद्वारा परीक्षण गरियो, जसमा विद्यार्थीहरूको उपलब्धि स्तर असमान रहेको पाइएको छ । ३० प्रतिशतभन्दा कम सिकाइ उपलब्धि भएका विद्यार्थीहरू नभए पनि ३०–४० प्रतिशतसम्मको सिकाइ उपलब्धि भएका विद्यार्थीहरू ४ जना रहेका छन् । ४० देखि ६० प्रतिशतसम्मको सिकाइ उपलब्धि भएका विद्यार्थीहरू १५ जना विद्यार्थीहरू रहेका छन् । ६० देखि माथि प्रतिशतसम्मको सिकाइ उपलब्धि भएका विद्यार्थीहरू ११ जना रहेका छन् । यस पूर्वपरीक्षणबाट उक्त कक्षामा निरन्तर मूल्याङ्कनको खाँचो स्पष्ट देखिएको छ ।

## निरन्तर मूल्याङ्कनबाट पाठगत रूपमा भएको प्रगति

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया सञ्चालन गर्नुको मुख्य उद्देश्य शिक्षण सिकाइसँगै विद्यार्थीहरूको सिकाइ प्रगति पत्ता लगाई कमी कमजोरीहरू सुधारका लागि पृष्ठपोषण दिएर सिकाइप्रति उत्प्रेरित गर्नु हो । यसका लागि झापा जिल्लाको श्री अर्जुनधारा संस्कृत आदर्श माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा सातका विद्यार्थीहरूलाई नेपाली विषयमा तिन महिनासम्म निरन्तर मूल्याङ्कनका साथ शिक्षण गरी उनीहरूको सिकाइ उपलब्धिको प्रगतिलाई तालिकामा उल्लेख गरिएको छ । यसमा प्रत्येक विद्यार्थीको प्रत्येक दिनको कक्षाकार्य, गृहकार्य र अवलोकनलाई आधार मानी अभिलेख राखिएको छ ।

### (क) गृहकार्य विवरण

शिक्षकले कक्षाकोठामा शिक्षण सिकाइ गरिसकेपछि विद्यार्थीमा त्यो सिकाइ दिर्घायु रहोस् भन्ने उद्देश्यले घरमा दिइने काम गृहकार्य हो (कुँवर, २०७१ : २५) । विद्यार्थीलाई कक्षाकोठामा सक्रिय बताए जस्तै घरमा पनि सक्रिय राख्नका लागि गृहकार्य आवश्यक हुन्छ । प्रस्तुत शोधपत्रमा प्रत्येक पाठको शिक्षणसँगै विद्यार्थीलाई गृहकार्य दिएर मूल्याङ्कन गरिएको छ । यस मूल्याङ्कनमा विद्यार्थीका कमी कमजोरी पत्ता लगाइ आवश्यक पृष्ठपोषण पनि दिइएको छ ।

**(ख) कक्षाकार्य विवरण**

विद्यार्थीलाई शिक्षकले आफूले पढाउने कक्षाकोठामै काम दिएर गर्न लगाउनु कक्षाकार्य हो (कुँवर, २०७१ : २४)। शिक्षकले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिसकेपछि विद्यार्थीले के कति मात्रामा सिकाइ गर्न सक्यो भन्ने कुरा बुझ्न र विद्यार्थीलाई तुरुन्त गाह्रो भएको ठाउँमा सही पृष्ठपोषण दिनका लागि कक्षाकार्य अपरिहार्य देखिन्छ। प्रस्तुत अध्ययनमा विद्यार्थीहरूलाई शिक्षण सिकाइ गरेको पाठमा आधारित भएर कक्षाकार्य दिई मूल्याङ्कन गरिएको छ।

**(ग) अवलोकन विवरण**

कक्षाकोठामा परीक्षा लिएर होस् वा घरमा गृहकार्यका रूपमा प्रश्नको उत्तर लेख्न लगाएर होस् वा लिखित परीक्षाबाट मूल्याङ्कन गर्न नसकिने कुरा पत्ता लगाउन प्रत्यक्ष विद्यार्थी अवलोकन गर्ने कार्य अवलोकन हो (कुँवर, २०७१ : २५)। अवलोकनबाट विद्यार्थीहरूको व्यक्तित्व, अनुशासन, उपस्थिति, अतिरिक्त क्रियाकलाप आदिको मूल्याङ्कन गरिन्छ। यसको विवरण तलको तालिकामा दिइएको छ :

### तालिका नं. २

**पाठ : परिचय** **मापन : कक्षाकार्य/गृहकार्य/अवलोकन**

| क्र.सं. | विद्यार्थीको नाम | मापन गर्न खोजिएका भाषिक सीप | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | ज्ञान | धारणा | भाषातत्त्व |
| १. | अतिशा खातुन | √√ | √√√ | √√ | √√ | √√√ | √√ | √√ |
| २. | अस्लम महम्मद | √ | √ | √√ | √ | √ | √ | √ |
| ३. | इशिता खातुन | √√√ | √√√ | √√ | √√√ | √√√ | √√ | √√√ |
| ४. | ओमप्रकाश चौधरी | √√ | √ | √√ | √ | √ | √ | √ |
| ५. | करन मण्डल | √√√ | √√ | √√ | √√ | √ | √√ | √√ |
| ६. | कुशल अधिकारी | √√ | √ | √ | √√ | √√ | √ | √√ |
| ७. | खुसी मण्डल | √√√ | √ | √√ | √√ | √√ | √ | √√ |
| ८. | दीपेश नेपाली | √√ | √√√ | √√ | √√ | √√√ | √√ | √√ |
| ९. | नारायण अधिकारी | √ | √ | √√ | √ | √ | √ | √ |
| १०. | पवन मण्डल | √√ | √√√ | √√ | √√ | √√√ | √√ | √√ |
| ११. | पूर्णिमा राजवंशी | √√√ | √√√ | √√√ | √√√ | √√√ | √√√ | √√√ |
| १२. | प्रज्ज्वल ढकाल | √√√ | √√ | √√√ | √√√ | √√√ | √√√ | √√ |
| १३. | फतेमा खातुन | √√ | √√√ | √√ | √√ | √√√ | √√ | √√ |
| १४. | बबिता सहनी | √√ | √ | √√ | √ | √ | √ | √ |
| १५. | भावना डाँगी | √√ | √√√ | √√ | √√ | √√ | √√ | √√ |
| १६. | मनिष चौधरी | √√ | √√√ | √√ | √√ | √√√ | √√ | √√ |
| १७. | मनिषा खातुन | √√ | √ | √√ | √ | √ | √ | √ |
| १८. | राजकुमार बिर्जा | √√√ | √√ | √√√ | √√ | √√√ | √√ | √√√ |
| १९. | रिजन श्रेष्ठ | √√√ | √√ | √√ | √√√ | √√√ | √√ | √√√ |
| २०. | रेश्मा खातुन | √√ | √√√ | √√ | √√ | √√√ | √√ | √√ |
| २१. | रोजिना खातुन | √√√ | √√ | √√√ | √√ | √√ | √√ | √√ |
| २२. | रोस्ना ओली | √√√ | √√ | √√√ | √√ | √√√ | √√ | √√ |
| २३. | लक्ष्मी दंगाल | √√√ | √√ | √√√ | √√√ | √√ | √√ | √√ |
| २४. | विभू प्रसाईं | √√ | √ | √√√ | √ | √√ | √ | √√ |
| २५. | सञ्जय कार्की | √√√ | √√ | √√ | √√√ | √√√ | √√ | √√ |
| २६. | सन्ध्या चौधरी | √√ | √ | √√ | √ | √ | √ | √ |
| २७. | सरिता माझी | √√√ | √√√ | √√√ | √√√ | √√√ | √√√ | √√√ |
| २८. | सल्मान महम्मद | √√ | √√ | √√√ | √√ | √√ | √√√ | √√√ |
| २९. | साइनुर खातुन | √ | √ | √√ | √ | √ | √ | √ |
| ३०. | सेसेहाङ लिम्बू | √√ | √√√ | √√ | √√ | √√√ | √√ | √√ |

*सङ्केत: √ निम्न, √√ मध्यम √√√ उच्च* स्रोत: स्थलगत अध्ययन, २०७४ ।

माथिको तालिकामा 'परिचय' पाठ शिक्षण गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी शिक्षण गरिएको छ । उक्त तालिकामा एक/दुई/तिन गरी स्तरअनुरूप रेजा चिह्नको प्रयोग गरिएको छ । प्रस्तुत चिह्नमा (√√√) ले उत्तम, (√√) मध्यम, (√) निम्न भन्ने जनाउँदछ ।

